जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८७ | २०८३ साल जेठ २० गते बुधवार | Wednesday-03-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## जितपुरमा 'अवैध असुली'को आरोपः प्रहरी नेतृत्वमाथि गम्भीर प्रश्न, निकायको मौनताले बढायो शंका

*शु.आ. सम्बाददाता*
*बारा, १८ जेठ*




शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी पाएको प्रहरी संगठनकै केही अधिकारीमाथि अवैध आर्थिक असुलीको गम्भीर आरोप लागेपछि बारा जिल्लाको जितपुर क्षेत्र यतिबेला चर्चाको केन्द्र बनेको छ। इलाका प्रहरी कार्यालय जितपुरका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक (सई) उमेश उप्रेती र प्रहरी सहायक हवल्दार नवराज लम्सालको नाम जोड्दै स्थानीय व्यापारी तथा ट्रान्सपोर्ट व्यवसायीहरूले लामो समयदेखि आर्थिक दबाब र अवैध रकम संकलन भइरहेको आरोप लगाएका छन्।

व्यवसायीहरूको दाबी अनुसार व्यापार, ढुवानी र गोदाम सञ्चालन गरिरहेका व्यक्तिहरूसँग नियमित रूपमा रकम मागिने गरेको छ। रकम दिन अस्वीकार गर्नेहरूलाई सवारी साधन रोक्ने, मालसामान नियन्त्रणमा लिने, कागजातका नाममा अनावश्यक दुःख दिने तथा व्यवसायिक गतिविधिमा अवरोध सिर्जना गर्ने जस्ता माध्यमबाट दबाब दिने गरिएको आरोप छ।

स्थानीय व्यापारीहरूका अनुसार यो विषय कुनै नयाँ होइन। विभिन्न सञ्चारमाध्यममा पटक-पटक समाचार प्रकाशित भए पनि हालसम्म कुनै प्रभावकारी अनुसन्धान, छानबिन समिति गठन वा जिम्मेवार निकायको स्पष्ट धारणा सार्वजनिक भएको छैन। यसले स्थानीय तहमा थप आशंका र असन्तुष्टि बढाएको छ।

एक व्यवसायीले नाम नखुलाउने सर्तमा भने, "राज्यलाई कर तिरेर व्यवसाय चलाइरहेका छौं, तर केही व्यक्तिलाई खुसी नपारे व्यापार गर्नै नसकिने अवस्था बन्दै गएको छ। डरका कारण धेरै मानिस खुलेर बोल्न चाहँदैनन्।" व्यापारीहरूको आरोप अनुसार भारतसँग जोडिएका विभिन्न नाकाबाट भित्रिने सामानको ढुवानी प्रक्रिया तथा ट्रान्सपोर्ट क्षेत्रलाई केन्द्रमा राखेर आर्थिक चलखेल हुने गरेको छ। वीरगञ्ज-कलैया तथा अन्य रुटमा सञ्चालन हुने बस तथा ट्रान्सपोर्ट व्यवसायबाट समेत नियमित रकम उठाइने गरेको दाबी उनीहरूको छ। सबैभन्दा गम्भीर प्रश्न भनेको समाचार सार्वजनिक भइरहँदा पनि सम्बन्धित निकाय किन मौन छ? भन्ने बनेको छ। यदि आरोप निराधार हुन् भने सम्बन्धित अधिकारीहरूले सार्वजनिक

बाँकी तेश्रो पृष्ठमा

## नगरप्रमुख कलवार स्वयं मैदानमा, सिम्रौनगढको विकास निर्माणमा प्रत्यक्ष निगरानी

*शु.आ. सम्बाददाता*
*बारा, १८ जेठ*



सिम्रौनगढ नगरपालिकाका नगरप्रमुख किशोरी प्रसाद कलवार विकास निर्माणका कामलाई गुणस्तरीय र प्रभावकारी बनाउन स्वयं मैदानमा खटिएको दृश्य यतिबेला स्थानीयवासीका लागि प्रेरणादायी बनेको छ। नगरपालिकाको मूल गेटदेखि सिम्रौनगढ बजारसम्म पुग्ने कालोपत्रे सडकसँग जोडिने महत्वपूर्ण सडक निर्माण कार्यमा नगरप्रमुख कलवार दिनभरि नै निर्माणस्थलमा उपस्थित भई प्रत्यक्ष अनुगमन तथा निर्देशन गरिरहेको देखिएका छन्।

नगरप्रमुख कलवारका अनुसार उक्त सडकमा ब्लक बिछ्याउने कार्यका लागि करिब ६० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। नगरपालिकाको कार्यालयसम्म पुग्ने मुख्य प्रवेशमार्ग भएकाले निर्माण कार्यमा कुनै कमजोरी हुन नदिन आफूले व्यक्तिगत रूपमा निगरानी गरिरहेको उनले बताए।

"यो नगरपालिकाको मुख्य पहुँच मार्ग हो। यहाँ आउने सेवाग्राही, जनप्रतिनिधि तथा सर्वसाधारणले पहिलो प्रभाव यही सडकबाट लिने भएकाले गुणस्तरीय निर्माण हाम्रो प्राथमिकता हो," नगरप्रमुख कलवारले भने, "जनताको करबाट सञ्चालित योजनामा कुनै पनि प्रकारको लापरवाही स्वीकार्य हुँदैन। त्यसैले म स्वयं निर्माणस्थलमा उपस्थित भएर कामको अनुगमन गरिरहेको छु।" नगरप्रमुख कलवारले सडक निर्माण मात्र नभई नगरपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण विकास निर्माणका योजनाहरूमा आफू प्रत्यक्ष रूपमा निगरानी गर्ने गरेको बताए। जनताको अपेक्षा अनुसार विकासको प्रतिफल दिन पारदर्शिता, उत्तरदायित्व र गुणस्तरलाई विशेष प्राथमिकता दिएको उनको भनाइ छ।

स्थानीयवासीहरूले समेत नगरप्रमुखको सक्रियता र कार्यशैलीको प्रशंसा गरेका छन्। जनप्रतिनिधि स्वयं निर्माणस्थलमा पुगेर कामको अनुगमन गर्दा ठेकेदार तथा प्राविधिक पक्षसमेत जिम्मेवार बन्ने र योजनाको गुणस्तरमा सकारात्मक प्रभाव पर्ने उनीहरूको विश्वास छ।

बाँकी तेश्रो पृष्ठमा

## ब्राह्मण समाजको संगठन विस्तारदेखि भवन निर्माणसम्म अध्यक्ष पाण्डेको अथक सक्रियता

*शु.आ. सम्बाददाता*
*कलैया, १८ जेठ*



ब्राह्मण समाज नेपाल जिल्ला कार्यसमिति बाराका अध्यक्ष अनिल कुमार पाण्डे समाजको संगठन सुदृढीकरण, सदस्यता विस्तार तथा निर्माणाधीन समाज भवन सम्पन्न गराउने अभियानमा दिनरात खटिएको देखिएका छन्। छोटो समयमै संगठनलाई जिल्लाभर विस्तार गर्दै समाजको दीर्घकालीन आवश्यकताका रूपमा रहेको आफ्नै भवन निर्माण कार्यलाई तीव्रता दिएपछि उनको सक्रियताको चौतर्फी प्रशंसा हुन थालेको छ। गत फागुन ३० गते सम्पन्न ब्राह्मण समाज नेपाल जिल्ला सभा समारोहले आगामी ६ महिनाभित्र जिल्ला अधिवेशन सम्पन्न गर्ने उद्देश्यसहित अनिल कुमार पाण्डेको अध्यक्षतामा तदर्थ समिति गठन गरेको थियो। जिम्मेवारी सम्हालेसँगै अध्यक्ष पाण्डेले संगठनलाई जिल्लाको सबै स्थानीय तहसम्म विस्तार गर्ने अभियान सुरु गरेका छन्।

उनको नेतृत्वमा जिल्लाभर सदस्यता वितरण अभियान सञ्चालन गरिएको छ भने विभिन्न पालिकाहरूमा ब्राह्मण समाजको पालिका समिति गठन गर्ने कार्यलाई समेत तीव्रता दिइएको छ। संगठनलाई गाउँ-टोलसम्म विस्तार गर्दै समुदायलाई एकीकृत गर्ने उद्देश्यले अध्यक्ष पाण्डे निरन्तर रूपमा विभिन्न पालिकाहरूमा पुगेर छलफल, समन्वय तथा संगठन निर्माणमा सक्रिय देखिएका छन्।

संगठन विस्तारसँगै अध्यक्ष पाण्डेले ब्राह्मण समाजको दीर्घकालीन सपना मानिएको आफ्नै भवन निर्माण कार्यलाई पनि प्राथमिकतामा राखेका छन्। मधेश प्रदेश सरकारको बजेट सहयोगमा कलैया उपमहानगरपालिका वडा नम्बर ७ स्थित पावरहाउस नजिक समाजकै स्वामित्वमा रहेको जग्गामा निर्माणाधीन भवनको कामलाई उनले निरन्तर निगरानी तथा सहजीकरण गरिरहेका छन्। समाजका सदस्यहरूका अनुसार भवन निर्माण कार्यलाई समयमै सम्पन्न गराउन अध्यक्ष पाण्डे स्वयं निर्माणस्थलमा पुगेर आवश्यक निर्देशन, समन्वय र अनुगमन गर्ने गरेका छन्। भवन निर्माण सम्पन्न भएपछि समाजका बैठक, प्रशिक्षण, सामाजिक तथा सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्न सहज हुने विश्वास गरिएको छ।

अध्यक्ष पाण्डेले भवनलाई सामान्य संरचनामा सीमित नराखी जिल्लाकै नमुना र भव्य सामुदायिक धर्मशालाका रूपमा विकास गर्ने लक्ष्य लिएको बताएका छन्। त्यसका लागि स्थानीय

## नागरिकता प्रकरणका वीरगंजका मेयर राजेशमान सिंह धरौटी रिहा

*शु.आ. सम्बाददाता*
*बीरगंज, १८ जेठ*




नागरिकता तथा लिखत सम्बन्धी कसुरको अभियोगमा पक्राउ परेका वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह लाई जिल्ला अदालत पर्साले धरौटीमा रिहा गर्न आदेश दिएको छ। अदालतले उनीमाथि लागेको अभियोगको प्रारम्भिक अध्ययनपछि मुद्दाको अन्तिम टुंगो नलागेसम्मका लागि चार लाख १५ हजार रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको हो।

जिल्ला अदालत पर्साका स्रेस्तेदार प्रभाकर मल्लिकका अनुसार मुख्य न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले लिखत सम्बन्धी कसुरमा चार लाख रुपैयाँ तथा झुटा विवरण पेश गरी नागरिकता प्राप्त गरेको आरोपमा थप १५ हजार रुपैयाँ धरौटी माग गरेको हो। अदालतको आदेशअनुसार निर्धारित रकम बुझाएर मेयर सिंह रिहा भएका छन्।

मेयर सिंहविरुद्ध लिखत सम्बन्धी कसुर तथा नागरिकता प्राप्तिको क्रममा गलत विवरण पेश गरेको आरोपमा जिल्ला अदालत पर्साले गत जेठ १२ गते पक्राउ पुर्जी जारी गरेको थियो। पक्राउ पुर्जी जारी भएपछि उनी भोलिपल्ट अदालत परिसरमा पुगेका भए पनि औपचारिक रूपमा हाजिर नभई सम्पर्कविहीन बनेका थिए। त्यसयता उनी फरार सूचीमा रहेका थिए। प्रहरीले फरार रहेका सिंहको खोजी अभियानलाई तीव्र बनाएको थियो। जिल्ला प्रहरी कार्यालय पर्साको विशेष टोलीले प्राप्त गोप्य सूचनाका आधारमा मंगलबार बिहान पर्साको ठोरी क्षेत्रबाट उनलाई नियन्त्रणमा लिएको थियो। पक्राउपछि प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गरी उनलाई अदालतमा उपस्थित गराएको थियो।

उक्त घटनाले पर्साको राजनीतिक वृत्तमा व्यापक चर्चा र चासो उत्पन्न गरेको छ। निर्वाचित जनप्रतिनिधिमाथि नागरिकता र लिखत सम्बन्धी गम्भीर आरोप लागेपछि स्थानीय तहको नेतृत्व, राजनीतिक नैतिकता तथा कानुनी जवाफदेहिताबारे बहस समेत सुरु भएको छ। कानुन व्यवसायीहरूका अनुसार धरौटीमा रिहा हुनु मुद्दाबाट सफाइ पाउनु नभई अनुसन्धान तथा न्यायिक प्रक्रियामा उपस्थित रहने सर्तमा दिइने कानुनी सुविधा हो। अब सिंहविरुद्ध दर्ता भएको मुद्दाको नियमित सुनुवाइ अदालतमा अगाडि बढ्नेछ र अन्तिम फैसला नआएसम्म उनी दोषी वा निर्दोष भन्ने विषय कानुनी रूपमा टुंगो लाग्ने छैन।

यस घटनाले स्थानीय सरकारको नेतृत्व गरिरहेका जनप्रतिनिधिहरूले कानुनी प्रक्रिया र सार्वजनिक उत्तरदायित्वप्रति थप संवेदनशील हुनुपर्ने सन्देश दिएको विश्लेषकहरूको भनाइ छ। पर्सामा निकै चर्चित बनेको यो प्रकरणको आगामी न्यायिक प्रक्रियालाई राजनीतिक दल, स्थानीयवासी तथा सरोकारवाला निकायहरूले नजिकबाट नियालिरहेका छन्।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ। - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

### घर कांग्रेसको, नेतृत्व रास्वपाको

बाराको कलैयामा नेपाली कांग्रेसका वडा इकाइ सभापति विश्वनाथ रौनियारका छोरा उमा शंकर रौनियार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नगर अध्यक्षमा निर्वाचित हुनु सामान्य राजनीतिक घटनाभन्दा बढी अर्थ बोकेको विषय बनेको छ । लोकतन्त्रमा फरक राजनीतिक आस्था राख्नु प्रत्येक नागरिकको अधिकार हो । तर कांग्रेसको सक्रिय संगठनात्मक नेतृत्व सम्हालिरहेको परिवारबाट प्रतिद्वन्द्वी दलको नगर नेतृत्व उदाउनु भने स्थानीय राजनीतिक वृत्तमा बहसको विषय बन्नु स्वाभाविक हो ।
यो घटनाले परम्परागत राजनीतिक दलहरु, विशेषगरी नेपाली कांग्रेसले नयाँ पुस्तालाई कति आकर्षित गर्न सकेको छ भन्ने प्रश्न उठाएको छ । यदि आफ्नै घरपरिवारका युवाले समेत वैकल्पिक राजनीतिक शक्ति रोजिरहेका छन् भने त्यसलाई केवल व्यक्तिगत निर्णयका रुपमा मात्र हेरेर पुग्दैन । यसले पुराना दलहरुभित्र आत्मसमीक्षा आवश्यक रहेको संकेत पनि दिन्छ । अर्कोतर्फ, रास्वपाका लागि यो घटना वैकल्पिक राजनीतिप्रति युवापुस्ताको आकर्षण बढिरहेको प्रमाणका रुपमा देखिएको छ । पुराना दलप्रति बढ्दो असन्तुष्टि, सुशासनको अपेक्षा र नयाँ राजनीतिक संस्कृतिको खोजीले युवाहरुलाई नयाँ विकल्पतर्फ डोर्याइरहेको सन्देश यस घटनाले दिएको छ । तर जनताको विश्वासलाई दीर्घकालीन रुपमा कायम राख्न रास्वपाले पनि आफ्नो कार्यशैली र नेतृत्व क्षमतामार्फत प्रमाणित गर्नुपर्ने चुनौती छ । कलैयाको यो घटनाले एउटा स्पष्ट सन्देश दिएको छ–आजको राजनीतिक युगमा केवल पारिवारिक विरासत, पुरानो निष्ठा वा संगठनात्मक प्रभावका आधारमा राजनीतिक समर्थन सुनिश्चित हुँदैन । नयाँ पुस्ता आफ्नै सोच, अपेक्षा र मूल्यका आधारमा राजनीतिक विकल्प रोज्न थालेको छ । यही कारण यो घटना केवल एउटा परिवारको कथा नभई बदलिँदो नेपाली राजनीतिक मनोविज्ञानको संकेतका रुपमा पनि हेरिनु आवश्यक छ ।

# शैक्षिक पुनर्जागरणको ऐतिहासिक अवसर



रूद्रहरि भण्डारी

नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गर्दै माध्यमिक तहसम्मको ( कक्षा १२ सम्मको) शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनको पूर्ण अधिकार स्थानीय तहलाई सुम्पियो। यो 'गाउँ-गाउँमा सिंहदरबार'को नारा सँगसँगै 'गाउँ-गाउँमा शिक्षा सरकार'को एक युगान्तकारी परिकल्पना थियो । संघीयताको मूल मर्म नै नागरिकको सबैभन्दा नजिकको सरकारले शिक्षा र स्वास्थ्यजस्ता आधारभूत सेवाको गुणस्तर सुनिश्चित गर्नु हो ।
तर, संघीयता कार्यान्वयनको सात वर्षभन्दा बढी समयको अभ्यासपछि फर्केर हेर्दा यथार्थ फरक छ। स्थानीय तहमा शिक्षाको अधिकारको कागजी निक्षेपण त भयो, तर त्यसलाई धान्ने संरचना, बजेट र इच्छाशक्तिको अभाव खडकयो । सार्वजनिक शिक्षाको गुणस्तर उकास्ने दिशामा अपेक्षित सुधार हुन सकेन। बरु, उल्टै निजी र सार्वजनिक विद्यालयबीचको खाडल झनै गहिरिएर गयो ।
हालै गठन भएको नयाँ सरकारका अगाडि यो शैक्षिक अन्योल चिर्ने, सार्वजनिक शिक्षालाई आम अभिभावकको पहिलो रोजाइ बनाउने र शिक्षालाई देशको समग्र समृद्धिको इन्जिनका रूपमा स्थापित गर्ने ऐतिहासिक अवसर र गम्भीर चुनौती दुवै सँगसँगै उभिएका छन् ।
१. शिक्षालाई राज्यको पहिलो प्राथमिकता किन र कसरी ?
नयाँ सरकारको कार्यशैलीमा शिक्षा केवल एउटा मन्त्रालयको नियमित प्रशासनिक जिम्मेवारीमात्र हुनु हुँदैन। यसलाई राष्ट्रिय गौरवको आयोजना र समृद्धिको मुख्य आधारस्तम्भ बनाइनुपर्छ।
राजनीतिक प्रतिबद्धता : सरकारले आफ्ना न्यूनतम साझा कार्यक्रममा शिक्षालाई 'विकासको पनि विकासका रूपमा' राख्नुपर्छ । सडक र भ्यू-टावरजस्ता भौतिक पूर्वाधारभन्दा मानवीय पुँजी निर्माणमा गरिने लगानी दीर्घकालीन रूपमा सयौं गुणा बढी प्रतिफलदायी हुन्छ।
मानसिकतामा आमूल परिवर्तन : शिक्षालाई सामाजिक सेवा वा कल्याणकारी कार्य मात्र मान्ने पुरानो सोचलाई त्यागेर यसलाई उत्पादनशील लगानीका रूपमा परिभाषित गरिनुपर्छ । दक्ष जनशक्तिबिना न देशमा उद्योगधन्दा चल्छन्, न त सुशासन नै कायम हुन्छ।
एकीकृत शैक्षिक योजना : संघीय सरकारले राष्ट्रिय नीति र कानुन निर्माण गर्ने, प्रदेश सरकारले पालिकाहरूबीच समन्वय र प्राविधिक सहयोग उपलब्ध गराउने, र स्थानीय तहले प्रत्यक्ष कार्यान्वयनको कमान सम्हाल्ने गरी त्रि-तहको एकीकृत योजना निर्माण गर्नु अहिलेको पहिलो प्राथमिकता हुनुपर्छ।
२. शिक्षामा लगानीको पुनर्संरचना, बजेटको न्यूनतम २० प्रतिशतको संकल्प
शिक्षामा लगानी बढाउनुको विकल्प छैन । अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा विनियोजन गर्ने संकल्प नयाँ सरकारले गर्नुपर्छ। तर, लगानीको ढाँचा नतिजामुखी हुनुपर्छ।
यसका लागि नतिजामुखी तथा उपचारात्मक अनुदान प्रणाली लागू गरिनुपर्छ। हाल विद्यालयलाई दिइने अनुदान केवल विद्यार्थी र दरबन्दीको आधारमा मात्र दिइन्छ, अब यसलाई सिकाइ उपलब्धिसँग जोड्नुपर्छ :
उत्कृष्टताका लागि प्रोत्साहन : राम्रो नतिजा ल्याउने, नवीन शिक्षण पद्धति अपनाउने र प्रविधिको उच्चतम प्रयोग गर्ने विद्यालयलाई थप प्रोत्साहन अनुदान दिनुपर्छ, ताकि उनीहरू अन्य विद्यालयका लागि मोडल बनून्।
सुधारका लागि विशेष अनुदान : कमजोर नतिजा भएका विद्यालयलाई दण्डित गर्ने होइन, बरु नतिजा सुधारको स्पष्ट सर्तमा विशेष वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ। यस्तो अनुदान शिक्षक तालिम र उपचारात्मक कक्षा सञ्चालनका लागि मात्र खर्च गर्न पाइने कडा व्यवस्था हुनुपर्छ। यसका साथै, कमजोर विद्यालयको प्रगतिमाथि स्थानीय तहले सूक्ष्म अनुगमन गर्नुपर्छ । त्यस्ता विद्यालयलाई अनुभवी शिक्षा विज्ञहरूसँग जोडिदिनुपर्छ, जसले शैक्षिक र प्रशासनिक सुधारमा निरन्तर सहजीकरण गरुन्।
३. प्रशासनिक संक्रमण र 'संस्थागत स्मृति'को संरक्षण
संघीयता कार्यान्वयनदेखि स्थानीय तहमा रहेर शैक्षिक प्रशासन चलाइरहेका कैयौं अनुभवी प्रशासकहरू यतिबेला अवकाशको चरणमा छन्। यसले स्थानीय तहमा ज्ञानको रिक्तता सिर्जना गर्ने जोखिम बढाएको छ। संस्थागत स्मृति महत्वपूर्ण पुँजी हो। अग्रज कर्मचारीहरूसँग भएको व्यावहारिक अनुभव र स्थानीय परिवेशको बुझाइलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न एउटा प्रभावकारी 'मेन्टरसिप' प्रणाली सुरु गरिनुपर्छ। उनीहरूलाई अवकाशपछि पनि निश्चित समयका लागि परामर्शदाताका रूपमा प्रयोग गर्न सकिन्छ।
अर्कोतर्फ, लोकसेवा आयोगबाट आएका नयाँ शिक्षा अधिकृतहरू प्रविधिमैत्री र ऊर्जावान् छन्। उनीहरूको यो नवीन उत्साहलाई पुराना कर्मचारीको अनुभवसँग मिसाएर स्थानीय शैक्षिक नेतृत्वलाई परिपक्व बनाउनुपर्छ। नयाँ पुस्तालाई केवल प्रशासनमा मात्र सीमित नगरी शैक्षिक सुधारकका रूपमा प्रशिक्षित गर्नु राज्यको दायित्व हो।
४. शिक्षकको मनोबल र व्यावसायिक मर्यादा, तुलनाभन्दा माथि सम्मान
कुनै पनि देशको शिक्षा प्रणाली त्यहाँका शिक्षकको स्तरभन्दा माथि उठ्न सक्दैन । जबसम्म एउटा शिक्षकले समाजमा गर्वका साथ आफ्नो पेसाको परिचय दिन सक्दैन, तबसम्म शिक्षामा रूपान्तरण सम्भव छैन।
शिक्षकको प्राज्ञिक वृत्ति-विकासलाई नयाँ ढंगले परिभाषित गर्न जरुरी छ । शिक्षकको पदोन्नतिलाई केवल पढाएको वर्षको गन्तीमा मात्र सीमित नगरी उनीहरूको कार्यमूलक अनुसन्धान र कक्षाकोठाको वास्तविक प्रदर्शनका आधारमा गरिनुपर्छ। लामो अनुभव भएका उत्कृष्ट शिक्षकहरूलाई विज्ञ शिक्षकका रूपमा स्थापित गरी अन्य कान्छा शिक्षकहरूलाई मार्गदर्शन गर्ने जिम्मेवारी दिनुपर्छ। राज्यले शिक्षकको सामाजिक सुरक्षामा कञ्जुस्याइँ गर्नुहुँदैन। शिक्षकहरूका लागि विशेष आवास योजना, सुलभ स्वास्थ्य बिमा र उनीहरूका छोराछोरीलाई उच्च शिक्षामा छात्रवृत्तिको व्यवस्था गरी राज्यले उनीहरूको सम्मान गर्नुपर्छ।
५. राजनीतिबाट शिक्षकलाई अलग राख्ने सूत्र - 'दलविहीन विद्यालय'
नेपालको सार्वजनिक शिक्षामा दलीय राजनीतिको हस्तक्षेप मुख्य बाधक बनेको छ । शिक्षकहरू राजनीतिक दलका भ्रातृ संगठनमा आबद्ध हुनु र विद्यालयलाई राजनीतिक भर्ती केन्द्र बनाउनुले गुणस्तर ध्वस्त पारेको छ। यसलाई रोक्न नयाँ सरकारले शिक्षकहरूलाई कुनै पनि राजनीतिक दलको क्रियाशील सदस्यता लिन वा दलीय गतिविधिमा भाग लिन पूर्णत: प्रतिबन्ध लगाउने निर्मम कानुन ल्याउनुपर्छ । सरुवा, बढुवा र नियुक्तिमा राजनीतिक पहुँचको सट्टा शिक्षकको योग्यता र विद्यार्थीको सिकाइ नतिजालाई एकमात्र आधार बनाउनुपर्छ । विद्यालय व्यवस्थापन समितिमा दलका प्रतिनिधि होइन, वास्तविक अभिभावक र शिक्षाविद्हरूको बाहुल्य सुनिश्चित गरिनुपर्छ ।
६. युवाका लागि वृत्ति मार्गनिर्देशन र स्वरोजगार
शिक्षाले पढेका बेरोजगारहरूको फौज होइन, रोजगारी सिर्जना गर्ने र विश्व बजारमा बिक्न सक्ने नागरिक तयार गर्नुपर्छ। कक्षा ८ देखि नै विद्यार्थीको रुचि र क्षमता पहिचान गर्न 'व्यक्तित्व परीक्षण' सहितको वृत्ति परामर्श सुरु गरिनुपर्छ। 'सबै डाक्टर वा इन्जिनियर नै बन्नुपर्छ' भन्ने मिथकलाई चिर्नु आवश्यक छ।
साथै, शिक्षालाई स्थानीय स्रोतसँग जोड्नुपर्छ । कृषिप्रधान क्षेत्रमा कृषि शिक्षा, पर्यटकीय क्षेत्रमा पर्यटन, र सहरी क्षेत्रमा सूचना प्रविधिको शिक्षालाई अनिवार्य गर्नुपर्छ । प्रत्येक पालिकामा वृत्ति परामर्श केन्द्र स्थापना गरी सीप सिकेका युवाहरूलाई पुँजी र बजारसँग जोड्ने काम सरकारले गर्नुपर्छ ।
७. निजी र सार्वजनिक विद्यालयको खाडल :
सरकारको दायित्व शिक्षामा देखिएको 'दुईवर्गीय प्रणाली'ले सामाजिक असमानता बढाएको छ । यसलाई न्यूनीकरण गर्न सार्वजनिक विद्यालयको स्तर सुधार्नुको अर्को जादुई विकल्प छैन। यसका लागि निजीको नियमन र सार्वजनिकको प्रवर्धन नीति लिनुपर्छ । निजी विद्यालयको शुल्क पारदर्शी बनाउँदै, सार्वजनिक विद्यालयमा अंग्रेजी माध्यम, प्रविधिको प्रयोग र अतिरिक्त क्रियाकलापलाई अनिवार्य बनाउनुपर्छ । सुविधासम्पन्न निजी विद्यालय र सरकारी विद्यालयबीच राम्रा अभ्यास साझा गर्ने सहकार्यको मोडल विकास गरिनुपर्छ ।
८. नयाँ सरकारका लागि व्यावहारिक १० सूत्रीय मार्गनिर्देशन
समग्र शैक्षिक रूपान्तरणका लागि नयाँ सरकारले तत्काल निम्न १० सूत्रीय मार्गचित्रमा पाइला चाल्नुपर्छ :-
क. शिक्षा बजेट २० प्रतिशत : आगामी बजेटमा शिक्षामा कुल राष्ट्रिय बजेटको २० प्रतिशत विनियोजन गर्ने ऐतिहासिक घोषणा गर्ने।
ख. संघीय शिक्षा ऐन : स्थानीय तहको अधिकार र शिक्षकको वृत्ति-विकासलाई स्पष्ट पार्ने गरी तत्काल संघीय शिक्षा ऐन पारित गर्ने।
ग. मेन्टरसिप र अनुभव हस्तान्तरण : अवकाश प्राप्त विज्ञहरूको रोस्टर तयार गरी नयाँ शिक्षा प्रशासकहरूलाई कार्यस्थलमै तालिम दिने।
घ. पूर्ण राजनीतिमुक्त क्षेत्र : विद्यालयलाई राजनीतिमुक्त क्षेत्र घोषणा गरी शिक्षक आचारसंहिता कडाइका साथ
लागू गर्ने।
ङ. डिजिटल नेपाल र शिक्षा : प्रत्येक माध्यमिक विद्यालयमा उच्च गतिको इन्टरनेट र स्मार्ट बोर्डको व्यवस्था गरी ई-लर्निङ प्रवर्धन गर्ने।
च. शिक्षक दरबन्दी मिलान : विद्यार्थी संख्याका आधारमा देशभरका शिक्षकहरूको वैज्ञानिक व्यवस्थापन र रिक्त दरबन्दीमा स्थायी पदपूर्ति गर्ने ।
छ. प्राविधिक शिक्षाको विस्तार : 'एक पालिका, एक प्राविधिक शिक्षालय'को अवधारणालाई आवश्यक बजेटसहित प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
ज. छात्रवृत्ति र प्रोत्साहन : विपन्न, दलित र सीमान्तकृत विद्यार्थीका लागि दिइने छात्रवृत्तिलाई जीवन निर्वाह गर्न पुग्ने गरी प्रभावकारी बनाउने।
झ. अभावक जागरण : शिक्षामा अभिभावकको भूमिका बढाउन विद्यालयहरूमा नियमित 'अभावक शिक्षा कार्यक्रम' सञ्चालन गर्ने।
ण. निरन्तर अनुगमन र स्थानीय शिक्षक सहायता : विद्यालयको अनुगमनलाई केवल प्रशासनिक 'निरीक्षण'मा मात्र सीमित नगरी, शिक्षकहरूको पेसागत विकास र सिकाइ सुधारका लागि स्थानीय स्तरमै निरन्तर शिक्षक सहायता संयन्त्रको विकास गर्ने।
१०. निष्कर्षमा अबको बाटो कार्यान्वयन र इमानदारिता
नेपालको शैक्षिक इतिहासमा नीति र योजनाको कमी कहिल्यै भएन। उत्कृष्ट दस्तावेजहरू मन्त्रालयका दराजमा थन्किएका छन्। हामीलाई चाहिएको नयाँ नीति मात्र होइन, भएका नीतिको इमानदार कार्यान्वयन हो । नयाँ सरकारले शिक्षालाई राष्ट्र निर्माणको पहिलो खुडकलो मान्नुपर्छ।
जब सरकारले शिक्षामा लगानीलाई प्राथमिकता दिन्छ, जब शिक्षकहरूले दलीय झन्डा बिसाएर कक्षाकोठामा ज्ञानको ज्योति छर्छन् र जब युवाहरूले आफ्नै गाउँ-ठाउँमा सुरक्षित भविष्य देख्छन्, तब मात्र नेपालको समृद्धि सम्भव छ । अबको शिक्षाले केवल 'साक्षर' होइन, सीपयुक्त, उच्च नैतिक संस्कारयुक्त र स्वाभिमानी नेपाली नागरिक उत्पादन गर्नुपर्छ । नयाँ सरकारको यो कार्यकाल नेपालको शैक्षिक इतिहासमा 'स्वर्ण युग'का रूपमा दरिन सकोस्, आम अपेक्षा यही छ ।


जनहितमा जारी सन्देश
महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।
सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा

'समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# एल निनोको असर फरक-फरक हुने चेतावनी

***जेनेभा-*** संयुक्त राष्ट्रसङ्घअन्तर्गतको विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) का जलवायु पूर्वानुमान प्रमुखले आगामी एल निनो घटनाबारे चेतावनी दिँदै यसको प्रभाव प्रत्येक पटक फरक हुने र कुनै पनि एल निनोलाई एउटै ढाँचामा बुझ्न नसकिने बताएका छन् । एएफपीसँगको कुराकानीमा उनले अगस्टको अन्त्यअघि नयाँ एल निनो विकास हुने सम्भावना रहेको सङ्केतसमेत दिए ।



डब्लुएमओका अनुसार प्राकृतिक रूपमा उत्पन्न हुने यो जलवायु घटना विश्वका विभिन्न भागमा चरम मौसम, असामान्य वर्षा र खडेरी बढाउने प्रमुख कारणमध्ये एक हो । यद्यपि यसको तीव्रता र प्रभावको सटीक भविष्यवाणी अहिलेको चरणमा कठिन रहेको बताइएको छ। डब्लुएमओका जलवायु पूर्वानुमान प्रमुख विल्फ्रान मोउफोमा ओकियाले एल निनोको असर अस्थायी रूपमा समुद्री सतहको तापक्रम बढ्ने प्रक्रियाबाट सुरु हुने बताए । उनका अनुसार यो उष्णकटिबन्धीय प्रशान्त क्षेत्रमा उत्पन्न भए पनि यसको प्रभाव विश्वव्यापी रूपमा फैलिन्छ । उनले भने, "जब एल निनो हुन्छ, पश्चिम अफ्रिका, साहेल, दक्षिण अफ्रिका, अस्ट्रेलिया र दक्षिणपूर्वी एसियामा खडेरी पर्ने सम्भावना हुन्छ ।"

उनका अनुसार यसको विपरीत दक्षिणपूर्वी संयुक्त राज्य अमेरिका र विशेषगरी भूमध्यरेखीय प्रशान्त क्षेत्रमा अत्यधिक वर्षा हुने सम्भावना रहन्छ। यसरी एउटै घटनाले विभिन्न क्षेत्रलाई फरक-फरक रूपमा प्रभावित गर्छ । ओकियाका अनुसार एल निनो एकल घटनाका रूपमा मात्र नभई अन्य मौसमी प्रणालीसँग अन्तरक्रिया गर्ने भएकाले यसको प्रभाव कहिले बलियो त कहिले कमजोर हुन सक्छ। उनले यसपटक मध्यमदेखि बलियो स्तरको एल निनो देखिने प्रारम्भिक अनुमान गरिएको जानकारी दिए । उनले थप स्पष्ट पार्दै भने, "प्रत्येक एल निनो घटना अद्वितीय हुन्छ। कमजोर एल निनोले असर नगर्ने भन्ने धारणा गलत हो। देश र परिस्थितिअनुसार यसको प्रभाव अत्यन्त गम्भीर हुन सक्छ ।"

पूर्वानुमान तयारीबारे चर्चा गर्दै उनले डब्लुएमओले देशहरू र राष्ट्रिय मौसम सेवाहरूलाई आवश्यक जलवायु तथ्याङ्क उपलब्ध गराउने तर स्थानीय तहमा त्यसलाई विश्लेषण र प्रयोग गर्ने जिम्मा सम्बन्धित देशकै हुने बताए ।

डब्लुएमओका मोडेलहरूले करिब छ महिनाअघि नै सम्भावित पूर्वानुमान दिन सक्ने भएकाले देशहरूले समयमै तयारी गर्न सक्ने अवसर रहेको उनको भनाइ छ । उनले सरकारहरूले यो जानकारीलाई नीति र विपद् तयारीमा प्रयोग गर्ने अपेक्षा व्यक्त गरे । तर उनका अनुसार कहिलेकाहीँ एल निनोका असरहरू कुनै देशको प्रतिक्रिया क्षमताभन्दा बढी पनि हुन सक्छन् । सन् २०२३-२०२४ को पछिल्लो एल निनोको उदाहरण दिँदै उनले पनामामा वर्षा कमी हुँदा नहर सञ्चालन प्रभावित भएको र त्यसले विश्वव्यापी व्यापारमा समेत असर पारेको उल्लेख गरे ।

सहकार्य र डाटा आदानप्रदानको विषयमा ओकियाले पछिल्ला वर्षहरूमा देशहरूबीच उल्लेखनीय सुधार भएको बताए । उनका अनुसार सन् १९९७ को तुलनामा सन् २०२३-२०२४ को एल निनोमा कम मानवीय क्षति भएको देखिन्छ । यसले तयारी क्षमता बढ्दै गएको सङ्केत गर्दछ । उनले भने, "देशहरूले अब एल निनोबारे थप जानकारी आदानप्रदान गरिरहेका छन् । द्वन्द्वमा रहेका देशहरूले समेत मौसमसम्बन्धी डेटा साझा गरिरहेका छन् ।" उनका अनुसार विश्वको एक भागमा हुने मौसमीय घटनाको सही पूर्वानुमान गर्न अर्को भागबाट प्राप्त तथ्याङ्क आवश्यक हुन्छ, त्यसैले अन्तर्राष्ट्रिय सहकार्य अपरिहार्य छ । "संसारको अर्को छेउमा हुने घटनाको भविष्यवाणी गर्न हामीलाई त्यही ठाउँबाट आएको डेटा चाहिन्छ", उनले जोड दिए ।

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामनामार्ग, काठमाण्डौ, नेपाल**

फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बिमालेखका बिमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुदाँ उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रिय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दावीदर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नम्बर | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI2010000432 | रामजन्म राय यादव 9845411946 | कारकच कमैया वार्ड नं. ८ |

HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामनामार्ग, काठमाण्डौ, नेपाल**

फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बिमालेखका बिमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुदाँ उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रिय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दावीदर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नम्बर | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI1510003101 | धिरज प्रसाद केशरी 9845062220 | सिसहनिया-०६, बारा |

# जितपुरमा..........

रूपमा आफ्नो धारणा राख्नुपर्ने र कानुनी प्रक्रियामार्फत तथ्य स्थापित गर्नुपर्ने आवाज उठिरहेको छ । तर आरोपमाथि न स्पष्ट खण्डन आएको छ, न त छानबिनको कुनै आधिकारिक जानकारी सार्वजनिक भएको छ ।

कानुन कार्यान्वयन गर्ने निकायमाथि नै यस्ता प्रश्न उठ्दा त्यसको निष्पक्ष अनुसन्धान हुनु लोकतान्त्रिक शासन प्रणालीको आधारभूत आवश्यकता हो । अन्यथा जनताले न्याय खोज्ने ढोका नै कमजोर भएको सन्देश जाने नागरिक अगुवाहरूको भनाइ छ ।

स्थानीय उद्योगी, व्यवसायी तथा नागरिक समाजका प्रतिनिधिहरूले प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय बारा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा गृह मन्त्रालयले यस विषयमा तत्काल स्वतन्त्र छानबिन गर्नुपर्ने माग गरेका छन् । उनीहरूको भनाइमा आरोप सत्य भए दोषीमाथि कडा कारबाही हुनुपर्छ, र असत्य भए प्रहरी संगठनको प्रतिष्ठा जोगाउन तथ्य सार्वजनिक गरिनुपर्छ ।

जितपुरमा उठेको यो विवाद अब केवल केही व्यापारीको गुनासोमा सीमित छैन, बरु सुरक्षा निकायको पारदर्शिता, जवाफदेहिता र जनविश्वाससँग जोडिएको संवेदनशील विषय बनेको छ। सम्बन्धित निकायको मौनताले उठेका प्रश्नहरूको उत्तर अब छानबिन र तथ्यले मात्र दिन सक्ने देखिन्छ ।

# कराइभित्र लुकाएर विदेश लैजान खोजिएको ५४ लाखभन्दा बढी रकमसहित नेपाल एयरलाइन्सका कर्मचारी पक्राउ

***काठमाडौं, १८ जेठ***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट करिब ५४ लाख ७१ हजार रुपैयाँ बराबरको स्वदेशी तथा विदेशी मुद्रा अवैध रूपमा विदेश लैजान खोजेको आरोपमा नेपाल एयरलाइन्सका एक कर्मचारी पक्राउ परेका छन् । विमानस्थल सुरक्षा निकायले नियमित जाँचका क्रममा ठूलो परिमाणमा रकम बरामद गरेपछि घटनाले विमानस्थल सुरक्षा व्यवस्थासँगै अवैध मुद्रा ओसारपसारको सम्भावित सञ्जालबारे पनि प्रश्न उठाएको छ ।




पक्राउ पर्नेमा सुनसरीको गढी गाउँपालिका-१ स्थायी घर भई हाल काठमाडौंको बनस्थली बस्दै आएका ५० वर्षीय कमल नारायण विश्वास रहेका छन् । उनी विगत १६ वर्षदेखि नेपाल एयरलाइन्समा ग्राउन्ड इक्विपमेन्ट अपरेटर का रूपमा कार्यरत रहेको खुलेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका अनुसार विश्वास सोमबार राति मलेसियाको क्वालालम्पुर जान द्यबतष्प ब्ष्च को उडान नम्बर इम्१८१ मार्फत भिजिट भिसामा प्रस्थान गर्ने क्रममा शंकास्पद गतिविधिका आधारमा निगरानीमा परेका थिए । राति करिब ८:३० बजे सुरक्षा जाँचका क्रममा उनको लगेज स्क्रिनिङ गर्दा अस्वाभाविक वस्तु देखिएपछि थप खानतलासी गरिएको थियो ।

प्रहरीले जनाएअनुसार उनले बोकेको कालो रंगको सुटकेसभित्र रहेको फलामको कराइभित्र अत्यन्तै गोप्य ढंगले लुकाइएका नेपाली तथा विदेशी मुद्रा फेला परेका थिए। सामान्य यात्रुका सामानजस्तो देखिने गरी रकम लुकाउने प्रयास गरिए पनि सुरक्षा संयन्त्रको सतर्कताका कारण रकम बरामद गर्न सफल भएको विमानस्थल प्रहरीले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानका क्रममा विश्वाससँग रहेको राहदानी, यात्रा कागजात तथा मुद्रा विदेश लैजान आवश्यक कानुनी प्रक्रिया र अनुमति सम्बन्धी कागजातहरू परीक्षण गरिएको थियो । तर, बरामद रकम विदेश लैजानका लागि आवश्यक दरपिठ वा आधिकारिक स्वीकृति प्राप्त गरेको कुनै प्रमाण नदेखिएको प्रहरीले जनाएको छ ।

अनुसन्धानका क्रममा विश्वासले विभिन्न समयमा २६ पटक विदेश यात्रा गरेको विवरण समेत फेला परेको छ । बारम्बारको विदेश यात्राले घटनालाई थप रहस्यमय बनाएको भन्दै अनुसन्धान अधिकारीहरूले विगतका गतिविधिसमेत केलाउन थालेका छन् । उनले व्यक्तिगत प्रयोजनका लागि रकम बोकेका हुन् वा कुनै संगठित गिरोह अथवा अवैध आर्थिक कारोबारसँग सम्बन्धित छन् भन्ने विषयमा अनुसन्धान केन्द्रित गरिएको स्रोतले जनाएको छ ।

नेपाल राष्ट्र बैंक तथा प्रचलित विदेशी विनिमय सम्बन्धी कानुनअनुसार तोकिएको सीमा भन्दा बढी रकम विदेश लैजान विशेष अनुमति आवश्यक पर्ने व्यवस्था छ । त्यसविपरीत ठूलो परिमाणको नगद लुकाएर विदेश लैजान खोजिएको आशंकामा प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो ।

बरामद गरिएको सम्पूर्ण रकम, राहदानी तथा अन्य प्रमाणसहित विश्वासलाई थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि राजस्व अनुसन्धान विभाग, हरिहरभवन पुल्चोक, ललितपुर पठाइएको विमानस्थल प्रहरीले जनाएको छ ।

यस घटनाले अन्तर्राष्ट्रिय विमानस्थलमार्फत हुने अवैध मुद्रा ओसारपसार नियन्त्रणका लागि सुरक्षा निकायले अपनाइरहेको निगरानी प्रभावकारी रहेको देखाएको छ। साथै, लामो समयदेखि विमानस्थल क्षेत्रमा कार्यरत कर्मचारी नै ठूलो रकमसहित पक्राउ परेपछि सम्बन्धित निकायहरूले आन्तरिक सुरक्षा, कर्मचारीको गतिविधि तथा सम्भावित आर्थिक अपराधका पक्षमा समेत अनुसन्धान तीव्र बनाएका छन् ।

# नगरप्रमुख........

यस अवसरमा नगरप्रमुख कलवारले सिम्रौनगढ नगरपालिकाको विकासमा सबै जनप्रतिनिधि र कार्यपालिका सदस्यहरूको एकता तथा सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे । उनले विगतदेखि नगरपालिकामा विभिन्न विषयमा विवाद हुने गरेको उल्लेख गर्दै सम्पूर्ण जनप्रतिनिधिहरूबाट अपेक्षित साथ र सहयोग प्राप्त नभएको गुनासो समेत गरे । "यदि सम्पूर्ण कार्यपालिका सदस्यहरूको पूर्ण साथ र सहयोग प्राप्त भएको भए सिम्रौनगढ नगरपालिकालाई मधेश प्रदेशकै नमुना नगरपालिकाको रूपमा विकास गर्न सकिन्थ्यो," उनले भने, "विकासका लागि राजनीतिक आग्रहभन्दा माथि उठेर सबैले नगरको हितलाई केन्द्रमा राख्न आवश्यक छ ।"

नगरप्रमुख कलवारको विकास निर्माणप्रतिको प्रतिबद्धता, योजनाको गुणस्तरमा देखाएको चासो तथा स्वयं निर्माणस्थलमा पुगेर गरेको प्रत्यक्ष निगरानीले सिम्रौनगढका नागरिकहरूमा सकारात्मक सन्देश प्रवाह गरेको छ। स्थानीय तहका प्रमुख स्वयं मैदानमा खटिएर जनताको विकासको सपना साकार पार्न सक्रिय हुनु स्थानीय सरकारप्रतिको विश्वास मजबुत बनाउने उदाहरणीय अभ्यासका रूपमा हेरिएको छ ।

सिम्रौनगढ नगरपालिकालाई व्यवस्थित, सुन्दर र विकासको नमुना नगर बनाउने अभियानमा नगरप्रमुख कलवारको सक्रिय भूमिका आगामी दिनमा थप प्रभावकारी बन्ने अपेक्षा स्थानीयवासीले गरेका छन् ।

# ब्राह्मण............

तहदेखि प्रदेश सरकारसम्म आवश्यक थप बजेट तथा सहयोग जुटाउन निरन्तर पहल गरिरहेको उनको भनाइ छ । "समाजको आफ्नै पहिचान र स्थायी केन्द्रका रूपमा भवन निर्माण अत्यन्त आवश्यक छ । हामी सबैको सहयोग र सहभागिताबाट यसलाई भव्य र सुविधासम्पन्न बनाउने लक्ष्य लिएका छौं," अध्यक्ष पाण्डेले बताएका छन् ।

समाजका अगुवाहरूले छोटो अवधिमै संगठन विस्तार, सदस्यता अभियान, पालिका समिति गठन तथा भवन निर्माण कार्यलाई एकसाथ अघि बढाउनु नेतृत्व क्षमताको उदाहरण भएको बताएका छन् । उनीहरूले अध्यक्ष पाण्डेको सक्रियता र समर्पणका कारण समाजभित्र नयाँ उत्साह र जागरण पैदा भएको प्रतिक्रिया दिएका छन् ।

जिल्लाभर संगठन विस्तार, समुदायलाई एकसूत्रमा बाँध्ने प्रयास तथा समाजको दीर्घकालीन सम्पत्तिका रूपमा भवन निर्माण अभियानलाई गति दिँदै अध्यक्ष अनिल कुमार पाण्डेले ब्राह्मण समाज नेपाल बारालाई संस्थागत रूपमा अझ सुदृढ र व्यवस्थित बनाउने दिशामा महत्वपूर्ण योगदान पुर्याइरहेको समाजका सदस्यहरूको भनाइ छ ।

सामाजिक एकता, संगठन सुदृढीकरण र पूर्वाधार विकासलाई समानान्तर रूपमा अघि बढाउने अध्यक्ष पाण्डेको कार्यशैलीले आगामी दिनमा ब्राह्मण समाज नेपाल बारालाई अझ प्रभावकारी र सशक्त संस्थाका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

**देवताल गाउँपालिका द्वारा जनहितमा जारी सन्देश**

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठ, बारा**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# मोटरको करेन्ट लागेर १२ वर्षीया बालिकाको मृत्यु

*शु. आ. सम्बाददाता*
*रौतहट , १८ जेठ*



रौतहटको देवाही गोनाही नगरपालिकामा कल (धारा) मा नुहाउने क्रममा मोटरको करेन्ट लागेर एक बालिकाको अकालमा मृत्यु भएको छ । जिल्लाको देवाही गोनाही नगरपालिका वडा नं. ४ नदीपारी टोल बस्ने रामायण भन्ने बिजेन्द्र पटेलकी १२ वर्षीया छोरी वर्षा कुमारी पटेलको करेन्ट लागेर मंगलवार बिहान मृत्यु भएको हो ।

प्रहरीका अनुसार,मंगलवार बिहान करिब ९:०० बजेको समयमा वर्षा आफ्नै घरको कलमा नुहाउँदै थिइन् । सोही क्रममा पानी तान्नका लागि कलमा जडान गरिएको मोटरको तारबाट अचानक विद्युत सर्ट भई उनलाई करेन्ट लागेको थियो । करेन्ट लागेर गम्भीर घाइते भएकी उनलाई परिवार र आफन्तले तत्काल उपचारका लागि सुकदेव चोकस्थित नेपाल तराई सिटी अस्पताल पुऱ्याएका थिए । अस्पताल पुऱ्याउनासाथ चिकित्सकले चेकजाँच गर्दा उनलाई मृत घोषणा गरेका थिए । घटनाको जानकारी बिहान १०:०० बजे प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालयबाट प्रहरी निरीक्षकको कमाण्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो । इलाका प्रहरी कार्यालयका अनुसार घटनास्थल कार्यालयबाट करिब ३ किलोमिटर पश्चिम-दक्षिण दिशामा पर्दछ । प्रहरी टोलीले घटनास्थलको प्रारम्भिक मुचुल्का तयार गरी घटनाबारे थप बुझ्ने कार्य गरिरहेको छ । कलमा जडान गरिएको मोटरको लाइनबाट करेन्ट प्रवाह हुँदा नुहाइरहेकी बालिकाको ज्यान गएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ,प्रहरी स्रोतले भने शवलाई पोस्टमार्टमका लागि पठाउने तयारी भइरहेको छ र घटनाबारे थप कानुनी प्रक्रिया तथा अनुसन्धान जारी छ । गर्मीको समयमा तराईका जिल्लाहरूमा विद्युतीय उपकरण र मोटरको प्रयोग बढ्दो छ, तर प्राविधिक सावधानी नअपनाउँदा यस्ता दुखद घटनाहरू पटक-पटक दोहोरिने गरेका छन् ।

# भारत सरकारको अनुदानमा राजदेवीमा विद्यालय भवनको शिलान्यास

*शु. आ. सम्बाददाता*
*रौतहट, १८ जेठ*




नेपाल-भारत विकास सहकार्य कार्यक्रम अन्तर्गत जिल्लाको राजदेवी नगरपालिकामा एक नयाँ शैक्षिक पूर्वाधारको निर्माण कार्य औपचारिक रूपमा सु भएको छ । नगरपालिकाको वडा नं. ४ गढहियास्थित श्री आधारभूत विद्यालयको नयाँ पक्की भवनको मंगलबार एक विशेष समारोहका बीच शिलान्यास गरिएको हो ।

वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मिनाले उक्त दुईतल्ले आधुनिक भवनको जग बसालेका हुन् । यो परियोजना भारत सरकारको उच्च प्रभाव सामुदायिक विकास परियोजना ( जक्ष्क्मए) अन्तर्गत सञ्चालन हुन लागेको हो । लागत र निर्माणको समयसीमा विद्यालय भवन निर्माणका लागि सुमा ४ करोड ३२ लाख ५१ हजार ७४७ पैयाँ लागत अनुमान गरिएको भए तापनि प्रतिस्पर्धात्मक बोलपत्र मार्फत गौरी गणेश कन्ट्रक्सन गौरले मूल्य अभिवृद्धि कर (भ्याट) सहित ३ करोड ६३ लाख ६ हजार २४३ पैयाँमा निर्माणको ठेक्का प्राप्त गरेको छ । भारत सरकारको अनुदानः २ करोड ९६ लाख पैयाँ, नगरपालिकाको योगदानः २० लाख पैयाँ, पहिलो किस्ताः शिलान्यासको अवसरमा महावाणिज्यदूत मिनाले ६३ लाख १० हजार ३८६ पैयाँको ड्राफ्ट चेक राजदेवी नगरपालिकाका नगरप्रमुख भिखारी राय यादवलाई हस्तान्तरण गरेका हुन् ।

यो भवन आगामी २०८४ साल जेठ २५ गते भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । शिलान्यास समारोहलाई सम्बोधन गर्दै महावाणिज्यदूत मिनाले यो भवन भौतिक संरचना मात्र नभई स्थानीय विद्यार्थीहरूको उज्ज्वल भविष्यको आधारशिला भएको बताए । उनले भन्ने, यो परियोजनाले विद्यालयको भौतिक अवस्था सुदृढ बनाउनुका साथै विद्यार्थीहरूलाई आधुनिक शौचालय र शैक्षिक पूर्वाधारसहितको गुणस्तरीय वातावरण प्रदान गर्नेछ । उनले भारतको छिमेकी पहिलो ( ल्भष्नजदयगचजयस्थम ँच्कत) नीति अन्तर्गत नेपालको शिक्षा, स्वास्थ्य र पूर्वाधारको क्षेत्रमा भारतले निरन्तर सहयोग गरिरहने प्रतिबद्धता समेत व्यक्त गरे । महावाणिज्यदूत मिनाका अनुसार मधेश प्रदेशमा भारत सरकारको सहयोगमा हालसम्म ८७ वटा जक्ष्क्मए परियोजनाहरू स्वीकृत भएका छन्, जसमध्ये अधिकांश सम्पन्न भइसकेका छन् । विशेषगरी रौतहट जिल्लामा कुल ७ वटा परियोजना स्वीकृत भएकोमा ३ वटा सम्पन्न भइसकेका छन् भने बाँकी ४ वटा निर्माणको विभिन्न चरणमा छन् । भारतले मधेश प्रदेशलाई २२८ एम्बुलेन्स र ४० विद्यालय बस उपहारस्वप प्रदान गरेकोमा रौतहटले मात्रै २० एम्बुलेन्स र ४ विद्यालय बस प्राप्त गरिसकेको छ । राजदेवी नगरपालिकाका नगरप्रमुख भिखारी राय यादवको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा भारतीय दूतावासका काउन्सुल अजय जैन, नेकपाका केन्द्रीय सदस्य रेबन्त झा, जसपाका केन्द्रीय सदस्य अनिलकुमार सिंह, निमित्त प्रमुख प्रशासकीय अधिकृत संजय पाण्डे तथा विभिन्न संचारक्षेत्रमा कार्यरत संचारकर्मी लगायतको उपस्थिति थियो । स्थानीय जनप्रतिनिधि र विद्यालय प्रशासनले भारतीय सहयोगप्रति आभार प्रकट गर्दै यस परियोजनाले दुई देशबीचको ऐतिहासिक मित्रता र बहुआयामिक विकास साझेदारीलाई अझ बलियो बनाउने विश्वास व्यक्त गरेका छन् ।

# रास्वपाको करैयामाई पालिका अधिबेशन स्थगित, संगठनभित्र विवाद सतहमा

*साजिर मन्सूर*
*कलैया, १८ जेठ*




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) करैयामाई गाउँपालिकाको पालिका अधिवेशन अन्तिम समयमा आएर स्थगित गरिएको छ । पार्टीको विधि, विधान तथा निर्धारित प्रक्रिया विपरीत एकलौटी ढंगले अधिवेशन सञ्चालन गर्न खोजिएको आरोप लगाउँदै पालिका समितिले अधिवेशन स्थगित गरेको जनाएको छ । पालिका सभापति विजय चौधरीद्वारा जारी प्रेस विज्ञप्तिअनुसार जिल्ला संगठन निर्माण विशेष समितिबाट प्राप्त जिम्मेवारीअनुसार गाउँपालिकाका सबै वडामा संगठन गठन गरी सम्बन्धित निकायलाई जानकारी गराइसकिएको भए पनि त्यसलाई बेवास्ता गर्दै अधिवेशन अघि बढाउने प्रयास भएको थियो । विज्ञप्तिमा पालिका अधिवेशन कार्यविधि-२०८१ (संशोधनसहित) को मर्म, भावना तथा प्रावधानविपरीत प्रक्रिया अपनाइएकाले अधिवेशन स्थगित गर्ने निर्णय लिन बाध्य भएको उल्लेख गरिएको छ ।

पालिका समितिले पार्टीभित्र लोकतान्त्रिक अभ्यास, पारदर्शिता र विधिसम्मत प्रक्रियालाई कमजोर बनाउने कुनै पनि गतिविधि स्वीकार्य नहुने स्पष्ट पारेको छ । समितिका अनुसार अधिवेशन जस्तो महत्वपूर्ण संगठनात्मक प्रक्रियालाई निश्चित समूहको स्वार्थअनुसार सञ्चालन गर्न खोजिनु पार्टीको मूल मूल्य र सिद्धान्तविपरीत हो ।

अधिवेशन स्थगित भएसँगै करैयामाई गाउँपालिकामा रास्वपाभित्रको संगठनात्मक विवाद सार्वजनिक रूपमा सतहमा आएको छ । स्थानीय तहमा पार्टीको संगठन विस्तार र नेतृत्व चयन प्रक्रियालाई लिएर देखिएको मतभेदले कार्यकर्तामाझ अन्योल र असन्तुष्टि बढाएको बताइएको छ ।

पालिका समितिले पार्टीको विधि-विधानअनुसार निष्पक्ष, पारदर्शी, समावेशी तथा धाँधलीरहित वातावरणमा अधिवेशन सञ्चालन गर्न सम्बन्धित निकायसँग जोडदार माग गरेको छ । साथै, पार्टीभित्र उत्पन्न विवादलाई समयमै समाधान गरी संगठनलाई एकताबद्ध बनाउन नेतृत्वले आवश्यक पहल गर्नुपर्ने धारणा समेत व्यक्त गरेको छ ।

अधिवेशन स्थगित भएपछि अब जिल्ला संगठन निर्माण विशेष समिति तथा पार्टीको केन्द्रीय नेतृत्वले के निर्णय लिन्छ भन्ने विषयलाई कार्यकर्ताले चासोका साथ हेरिरहेका छन् । करैयामाईमा देखिएको यो विवादले रास्वपाको संगठन विस्तार अभियान, आन्तरिक व्यवस्थापन र नेतृत्व चयन प्रक्रियामाथि समेत प्रश्न उठाएको भन्दै स्थानीय राजनीतिक वृत्तमा व्यापक चर्चा हुन थालेको छ ।

राजनीतिक विश्लेषकहरूका अनुसार संगठन निर्माणको चरणमै देखिएको यस्तो विवाद समाधान गर्न नसके आगामी दिनमा पार्टीको स्थानीय संरचना र जनाधारमा समेत असर पर्न सक्ने देखिन्छ । अहिले भने करैयामाईका रास्वपा कार्यकर्ता पार्टी नेतृत्वको आधिकारिक निर्णयको प्रतीक्षामा रहेका छन् ।

# घुस काण्डमा दोषी ठहर मधेश प्रदेशका सांसद सरोज सिंहलाई ४ बर्ष १ महिना कैद

*काठमाडौं, १८ जेठ*



विशेष अदालतले घुस तथा कमिसन लिएको अभियोगमा दोषी ठहर भएका मधेश प्रदेशसभा सदस्य सरोजकुमार सिंह कुशवाहालाई ४ वर्ष १ महिना कैद सजाय सुनाएको छ । अदालतले भ्रष्टाचारबाट आर्जित रकम बराबरको जरिवाना तथा उक्त रकम जफत गर्ने आदेश समेत दिएको छ ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको संयुक्त इजलासले गत जेठ ४ गते सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत दोषी ठहर गरेको थियो । दोषी ठहर भएपछि अदालतले सोमबार सजाय निर्धारण गर्दै उनलाई ४ वर्ष १ महिना कैद र ३८ लाख ५० हजार १ सय ३९ रुपैयाँ जरिवाना गर्ने फैसला सुनाएको हो ।

अदालतका अनुसार सिंहले विभिन्न उपभोक्ता समितिहरूबाट योजनाको रकम निकासा तथा कार्यान्वयनका क्रममा घुस तथा कमिसनबापत ३८ लाख ५० हजार १ सय ३९ रुपैयाँ लिएको प्रमाणित भएको छ । उक्त रकमलाई नै भ्रष्टाचारको बिगो कायम गर्दै सोही बराबरको जरिवाना तोकिएको हो । फैसलाअनुसार वारदात भएको समयमा सिंह महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ (ख) बाट निर्वाचित प्रदेशसभा सदस्यको जिम्मेवारीमा रहेका थिए । सार्वजनिक पदमा बसेर अधिकारको दुरुपयोग गर्दै भ्रष्टाचारजन्य गतिविधिमा संलग्न भएको निष्कर्ष निकाल्दै अदालतले भ्रष्टाचार निवारण ऐनको दफा २४ बमोजिम थप १ महिना कैद सजाय समेत सुनाएको छ । विशेष अदालतले सिंहले घुसस्वरूप प्राप्त गरेको रकम जफत गरी सरकारी राजस्वमा दाखिला गर्न आदेश दिएको छ । साथै, अपराध पीडित संरक्षण ऐन, २०७५ बमोजिम जरिवाना रकमको आधारमा १ लाख ५४ हजार ५ रुपैयाँ ५६ पैसा पीडित क्षतिपूर्ति शुल्क असुल गरी पीडित राहत कोषमा जम्मा गर्न पनि आदेश दिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिंहविरुद्ध विभिन्न उपभोक्ता समितिहरूबाट योजनाको नाममा कमिसन तथा घुस असुलेको आरोप लगाउँदै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । लामो अनुसन्धान र सुनुवाइपछि अदालतले आरोप पुष्टि भएको निष्कर्ष निकाल्दै उनलाई दोषी ठहर गरेको हो ।

यो फैसला मधेश प्रदेशको राजनीतिक वृत्तमा चर्चाको विषय बनेको छ । सार्वजनिक पदमा रहेका जनप्रतिनिधिमाथि भ्रष्टाचारको आरोप पुष्टि भई सजाय निर्धारण भएपछि सुशासन, जवाफदेहिता र सार्वजनिक पदको मर्यादासम्बन्धी बहस पुनः चर्किएको छ । कानुनविद्हरूका अनुसार यो फैसला सार्वजनिक पद धारण गर्ने व्यक्तिहरूलाई भ्रष्टाचारजन्य गतिविधिबाट टाढा रहन चेतावनीका रूपमा समेत हेरिएको छ ।

अदालतको फैसलापछि सिंहको प्रदेशसभा सदस्य पदको भविष्य, राजनीतिक हैसियत तथा आगामी कानुनी प्रक्रियाबारे समेत चासो देखिएको छ । यद्यपि, फैसलाविरुद्ध माथिल्लो अदालतमा पुनरावेदन गर्ने कानुनी अधिकार भने उनीसँग सुरक्षित रहेको छ ।

# अवैध भारतीय नम्बर प्लेट भएको सवारी साधन रौतहटमा बरामद, भन्सार बुझाइयो

*शु.आ. सम्बाददाता*
*रौतहट, १८ जेठ*



जिल्ला प्रहरी कार्यालय रौतहटले बेवारिसे अवस्थामा फेला परेको भारतीय नम्बर प्लेट भएको एक सवारीसाधन बरामद गरी आवश्यक कारबाहीका लागि भन्सार कार्यालयमा बुझाएको छ ।

प्रहरीका अनुसार यहि जेठ १२ गते राति करिब १०:३० बजे गौर नगरपालिका-३ स्थित जनता बोर्डिङ स्कुल नजिकको गल्लीमा भारतीय नम्बर बिआर ०१ डिटी ९५५६ रहेको गाडी लामो समयदेखि बेवारिसे अवस्थामा पार्किङ गरिएको भन्ने सूचनाको आधारमा प्रहरी टोली परिचालन गरिएको थियो । प्रहरीले सवारीधनीको खोजी तथा सम्पर्कका लागि विभिन्न प्रयास गर्दा पनि कुनै व्यक्ति सम्पर्कमा नआएपछि उक्त गाडी नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय गौरमा ल्याइएको थियो । त्यसपछि गाडीको इन्जिन नम्बर, च्यासिस नम्बर, नम्बर प्लेट तथा उपलब्ध कागजातहरूको सूक्ष्म परीक्षण गर्दा नम्बर प्लेट नक्कली रहेको, च्यासिस नम्बरमा छेडछाड ( ट्याम्पर) गरिएको तथा भन्सार प्रयोजनका कागजातहरू समेत शंकास्पद रहेको खुल्न आएको प्रहरीले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानबाट उक्त सवारीसाधन अवैध रूपमा नेपाल भित्र्याइएको हुन सक्ने आशंका गरिएको छ । प्रहरीका अनुसार बरामद गरिएको गाडीको अनुमानित मूल्य करिब ३ लाख रुपैयाँ रहेको छ ।

घटनापछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी बरामद गाडीलाई थप अनुसन्धान तथा राजस्व सम्बन्धी कारबाहीका लागि गौर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

सीमावर्ती क्षेत्रमा भारतबाट अवैध रूपमा सवारीसाधन भित्र्याउने, नक्कली नम्बर प्लेट प्रयोग गर्ने तथा राजस्व छल्ने गतिविधि नियन्त्रणका लागि प्रहरी र भन्सार कार्यालयले निगरानी कडा बनाएको बताएका छन् । प्रहरीले यस्ता अवैध गतिविधिमा संलग्न व्यक्तिहरूको पहिचान गरी कानुनी दायरामा ल्याउन अनुसन्धान जारी रहेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वसन्त गौतम ले सीमावर्ती क्षेत्र हुँदै हुने अवैध कारोबार तथा चोरी पैठारी नियन्त्रणलाई प्राथमिकतामा राखेर सुरक्षा निगरानी थप सुदृढ बनाइएको जानकारी दिएका छन् । उनले शंकास्पद गतिविधिबारे सूचना दिन सर्वसाधारणलाई समेत आग्रह गरेका छन् ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका